बैठक नं. १६

आज मिति २०८२ साल बैशाख २१ गते आइतबारका दिन बिहान ११:०० बजे जानकी गाउँपालिकाका अध्यक्ष श्री गणेश चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो।

उपस्थिति :-

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गणेश चौधरी | अध्यक्ष | |
| २. | श्री लालमती देवी कठरिया | उपाध्यक्ष | |
| ३. | श्री सुरेश कुमार चौधरी | सदस्य | |
| ४. | श्री चक्र बहादुर विष्ट | सदस्य | |
| ५. | श्री सुरेश चौधरी | सदस्य | |
| ६. | श्री दिपेन्द्र कुमार कठरिया | सदस्य | |
| ७. | श्री भिम बहादुर चौधरी | सदस्य | |
| ८. | श्री इन्द्र चौधरी | सदस्य | |
| ९. | श्री कमल महतो | सदस्य | |
| १०. | श्री तिर्थराज उपाध्याय | सदस्य | |
| ११. | श्री खकेन्द्र भण्डारी | सदस्य | |
| १२. | श्री लक्ष्मी चौधरी | सदस्य | |
| १३. | श्री इन्द्रा सोप वि.क. | सदस्य | |
| १४. | श्री पार्वती देवी डगौरा थारु | सदस्य | |
| १५. | श्री पवित्रा विश्वकर्मा | सदस्य | |
| १६. | श्री राधा भुल | सदस्य | |
| १७. | श्री नर बहादुर कुमाल | सदस्य | |
| १८. | श्री आशिष चौधरी | सचिव | |

प्रस्ताव नं. १ :- कार्यपालिका बैठकका पूर्व निर्णय कार्यान्वियन समीक्षा सम्बन्धमा ।

निर्णय नं. १ :- प्रस्ताव नं. १ माथि छलफल गर्दा यस जानकी गाउँपालिका, गाउँ कार्यपालिका बैठकबाट भएका पूर्व निर्णयहरुको कार्यान्वयन समीक्षा गर्दा निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक पाईयो ।

प्रस्ताव नं. २ :- आयोजना तथा कार्यक्रमहरुको अनुगमन प्रतिवेदन सम्बन्धमा ।

निर्णय नं. २ :- प्रस्ताव नं. २ माथि छलफल गर्दा यस जानकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट सञ्चालित विभिन्न आयोजना तथा कार्यक्रमहरूको अनुगमन समितिले पेश गरेको अनुगमन प्रतिवेदनको समीक्षा गरियो र अनुगमनको क्रममा फेला परेका समस्या, कमजोरी तथा सुधारका सुझावहरु सहित आयोजना/कार्यक्रम कार्यान्वयन गर्ने पक्षलाई निर्देशन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ :- जानकी गाउँपालिकाको मुक्त कमैया, हलिया तथा कमलहरी पुर्नस्थापना कार्यविधि, २०८२ सम्बन्धमा ।

निर्णय नं. ३ :- प्रस्ताव नं. ३ माथि छलफल गर्दा जानकी गाउँपालिकाको मुक्त कमैया, हलिया तथा कमलहरी पुर्नस्थापना कार्यविधि, २०८२ माथि दफावार छलफल गरी पारित गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ :- सहायक चौथो श्री मेवालाल चौधरी डगौराको अवकाश पछिको सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा ।

निर्णय नं. ४ :- प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस जानकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा प्रशासन सेवा, सामान्य प्रशासन समूह, सहायक चौथो तहको स्थायी सेवामा कार्यरत सहायक चौथो (खरिदार) श्री मेवालाल चौधरी डगौराको मिति २०८१/११/२२ गतेदेखि लागू हुनेगरी राजीनामा स्वीकृत भई सेवा निवृत्त हुनुभएकोले अवकाशपछि निजले पाउने सेवा सुविधा बापतको रकम निजामती सेवा ऐन, २०४९ तथा नियमावली २०५०, सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ तथा नियमावली २०८१ र जानकी गाउँपालिकाको कर्मचारी कल्याण कोष संचालन निर्देशिका, २०७८ बमोजिम नियमानुसार उपलब्ध गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ५ :- गाउँ सभाको १६ औं अधिवेशन (बजेट अधिवेशन) संचालन सम्बन्धमा ।

निर्णय नं. ५ :- प्रस्ताव नं. ५ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १९ को प्रावधान बमोजिम यस जानकी गाउँपालिका गाउँ सभाको १६ औं अधिवेशन (बजेट अधिवेशन) विक्रम सम्वत् २०८२ साल जेठ १२ गतेदेखि संचालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ :- किसान सूचीकरणका लागि वडा छनौट सम्बन्धमा ।

निर्णय नं. ६ :- प्रस्ताव नं. ६ माथि छलफल गर्दा आ.ब. २०८१/०८२ का लागि सङ्घीय सरकारद्वारा हस्तान्तरित कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम अन्तर्गत क्रियाकलाप नं. २.७.१५.१२९ किसान सूचीकरण कार्यक्रम संचालनका लागि यस जानकी गाउँपालिकाको ३ र ७ नं. वडालाई छनौट गर्ने र किसान सूचीकरण कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ :- जग्गा नापजाँचको लागि वडा छनौट सम्बन्धमा ।

निर्णय नं. ७ :- प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस जानकी गाउँपालिका अन्तर्गत बसोबास गरिरहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी व्यवस्थापनको लागि जग्गा नापजाँच कार्य यस गाउँपालिकाको वडा नं. ५ बाट सुरुवाट गर्ने र क्रमश: वडा नं. ६, ३, १, ४, २, ७, ८ र ९ मा गर्ने र नापजाँचको क्रममा नापी भईरहेको वडामा विवाद भए अर्को वडाबाट नापजाँचको कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

२०८२.०१.२१
आशिश चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८२/०१/२१
गणेश चौधरी
अध्यक्ष

CamScanner

प्रस्ताव नं. ८ :- पूँजीगत तर्फका हालसम्म पनि उपभोक्ता समिति मार्फत हुन नसकेका योजनाहरु सोझै खरिदबाट कार्यान्वयन गर्ने सम्बन्धमा ।

निर्णय नं. ८ :- प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस जानकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरु अन्तर्गतका आयोजनाहरुको पूँजीगत खर्चको समीक्षा गर्दा कतिपय वडाहरुको पूँजीगत खर्च सन्तोषजनक नदेखिएको हुँदा उपभोक्ता समितिबाट कार्यान्वयन हुने भनिएका तर हालसम्म पनि सुचारु नभएका आयोजनाहरु सोझै खरिद विधिबाट कार्यान्वयन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ :- गाउँपालिका राष्ट्रिय महासंघ नेपालको सदस्यता शुल्क भुक्तानी सम्बन्धमा ।

निर्णय नं. ९ :- प्रस्ताव नं. ९ माथि छलफल गर्दा गाउँपालिका राष्ट्रिय महासंघ नेपालको सदस्यता शुल्क बापत रकम रु. ३०,०००।– (अक्षेरुपी तीस हजार मात्र ।) भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १० :- जानकी-०९ मा बहुउद्देश्यीय सुरक्षित आवास भवन निर्माण गर्ने सम्बन्धमा ।

निर्णय नं. १० :- प्रस्ताव नं. १० माथि छलफल गर्दा जानकी-९ अन्तर्गतका धनुवाफाँटा, कुन्ती, पुर्वखैरीफाँटा बस्तीका बाढी प्रभावितहरुका लागि जानकी-९ स्थित श्री अरुणोदय माध्यमिक विद्यालयको नाममा दर्ता श्रेष्ता कायम रहेको पथरैया ८ग कि.नं. ८१ क्षेत्रफल ०-४-० र कि.नं. ८२, क्षेत्रफल ०-४-० रहेको जग्गाहरुमा बहुउद्देशीय सुरक्षित आवास भवन निर्माण आयोजना कार्यान्वयन गर्नका लागि सि.एस.एस.डि. नेपाललाई अनुमति प्रदान गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ११ :- दैनिक ज्यालादारीमा कार्यालय सहयोगी व्यवस्था गर्ने सम्बन्धमा ।

निर्णय नं. ११ :- प्रस्ताव नं. ११ माथि छलफल गर्दा जानकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत ७ नं. वडा कार्यालयमा कार्यचाप वढी र जनशक्ति कम रहेको हुँदा वडा कार्यालयको सेवा प्रवाहलाई छिटो छरितो र व्यवस्थित वनाउन जानकी गाउँपालिका वडा नं. ७ स्थायी ठेगाना भएका श्री अनिशा चौधरी (ना.प्र.नं. :- ६७२०४४/६९७९०, जारी मिति:- २०७३-०९-२४ जारी जिल्ला:- कैलाली) लाई तपसिल अनुसार दैनिक ज्याला भुक्तानी हुने गरी मिति २०८२/०१/२२ गते देखि लागू हुने गरी २०८२ असार मसान्तसम्म दैनिक ज्यालादारीमा कार्यालय सहयोगी पदमा कामकाज गराउने निर्णय गरियो ।

तपसिल :-

| क्र.सं. | नाम थर | ठेगाना | कायम भएको पद | सेवाको किसिम | दैनिक ज्याला रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | अनिशा चौधरी | जानकी-७ | कार्यालय सहयोगी | ज्यालादारी | ७००।- | |

प्रस्ताव नं. १२ :- दैनिक ज्यालादारीमा सहायक कम्प्युटर अपरेटर व्यवस्था गर्ने सम्बन्धमा ।

निर्णय नं. १२ :- प्रस्ताव नं. १२ माथि छलफल गर्दा जानकी गाउँपालिका, गाउँ कार्यपालिकाको अध्यक्षज्यूको सचिवालयमा कम्प्युटर तथा प्रेस सम्बन्धी कार्य गर्नको लागि अर्को व्यवस्था नहुँदा सम्मको लागि टीकापुर नगरपालिका वडा नं. १ स्थायी ठेगाना भएका श्री दिल बहादुर चौधरी (ना.प्र.नं. १६३३३, जारी मिति:२०६१।१२।०४, जारी जिल्ला: कैलाली ) लाई तपसिल अनुसार दैनिक ज्याला भुक्तानी हुने गरी मिति २०८२/०१/२२ गतेदेखि लागू हुने गरी २०८२ साल असार मसान्तसम्म दैनिक ज्यालादारीमा विविध सेवा, सहायक चौथो तह, सहायक कम्प्युटर अपरेटर पदमा कामकाज गर्ने निर्णय गरियो ।

तपसिल :-

| क्र.सं. | नाम थर | ठेगाना | कायम भएको पद | सेवाको किसिम | दैनिक ज्याला रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | दिल बहादुर चौधरी | टीकापुर-१, कैलाली | सहायक कम्प्युटर अपरेटर | ज्यालादारी | १२६५।- | |

८२.०१.२१

आशिश चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८२।०१।२१
गणेश चौधरी
अध्यक्ष

CamScanner

**प्रस्ताव नं. १३ :- आर्थिक सहयोग गर्ने सम्बन्धमा ।**

निर्णय नं. १३ :- प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस जानकी गाउँपालिका वडा नं. ५ बस्ने बेनुका देवी उपाध्यायको ३ वटै सन्तान (जेठो छोरा, कान्छो छोरा र छोरी) लाई दुर्लभ किसिमको निको नहुने जेनेटिक रोग Osteopetrosis (शरीरका हड्डीहरु धेरै भाँचिने, हड्डी बाँगिने, शारीरिक बृद्धिमा कमी हुने र नशा थिचिने समस्या हुने) रोग भएकोले निजहरुको उपचारमा सहुलियतका लागि प्रादेशिक र सङ्घीय मन्त्रालय/कार्यालयहरुमा सिफारिस गर्ने र हाललाई रकम रु. २०,०००।– (अक्षेरुपी बीस हजार मात्र ।) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १४ :- आर्थिक सहयोग गर्ने सम्बन्धमा ।**

निर्णय नं. १४ :- प्रस्ताव नं. १४ माथि छलफल गर्दा यस जानकी गाउँपालिका वडा नं. २ स्थायी ठेगाना भएका B.Sc. 4th year मा अध्ययनरत छात्र प्रकाश प्याकुरेललाई "Investigation Of Microplastic Pollution In Karnali River" विषयमा Research (project work) का लागि आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी अन्य सामाजिक सहायता खर्च शिर्षकबाट रकम रु. १५,०००।– (अक्षेरुपी पन्ध्र हजार मात्र ।) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १५ :- टीकापुर बहुमुखी क्याम्पसलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा ।**

निर्णय नं. १५ :- प्रस्ताव नं. १५ माथि छलफल गर्दा टीकापुर बहुमुखी क्याम्पस, टीकापुर कैलालीको आयोजनामा National Conference on Multidisciplinary Research and Innovation in Social Sciences विषयक अनुसन्धान तथा नवप्रवर्तनमूलक राष्ट्रिय सम्मेलन (National Conference) सञ्चालनका लागि टीकापुर बहुमुखी क्याम्पस, टीकापुर, कैलालीको प.सं. २०८१।०८२, च.नं. ६७०, मिति २०८२।०१।०२ गतेको पत्रबाट आर्थिक सहयोगको लागि अनुरोध भई आएकोले सो कार्यक्रम सञ्चालनका लागि आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी अन्य सामाजिक सहायता खर्च शिर्षकबाट रकम रु. ५०,०००।– (अक्षेरुपी पचास हजार मात्र ।) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १६ :- आर्थिक सहयोग सम्बन्धमा ।**

निर्णय नं. १६ :- प्रस्ताव नं. १६ माथि छलफल गर्दा यस जानकी गाउँपालिका वडा नं. ५ पथरैयामा निर्माण भएको नवनिर्मित श्री रामजानकी मन्दिरमा विधिवत रुपमा मूर्ति स्थापनाका लागि प्राण प्रतिष्ठा तथा सप्ताह कार्यक्रमका लागि आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी अन्य सामाजिक सहायता खर्च शिर्षकबाट रकम रु. १०,०००।– (अक्षेरुपी दश हजार मात्र ।) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७ :- आर्थिक सहयोग सम्बन्धमा ।**

निर्णय नं. १७ :- प्रस्ताव नं. १७ माथि छलफल गर्दा यस जानकी गाउँपालिका वडा नं. ४ बेलपुर, श्री रामजानकी मन्दिरमा रामजानकी लक्ष्मण हनुमन्ते प्राण प्रतिष्ठा एवं संगीतमय रामकथा सप्ताह कार्यक्रमका लागि आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी अन्य सामाजिक सहायता खर्च शिर्षकबाट रकम रु. १०,०००।– (अक्षेरुपी दश हजार मात्र ।) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

८२.०९.२९
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८२।०९।२९
गणेश चौधरी
अध्यक्ष

CamScanner

प्रस्ताव नं. १८ :- टीकापुर साहित्य समाजलाई आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धमा ।

निर्णय नं. १८ :- प्रस्ताव नं. १८ माथि व्यापक छलफल गर्दा नेपाली भाषा, साहित्य, कला, संस्कृतिको संरक्षण र सम्वर्द्धनका साथै सुदूरपश्चिम प्रदेशको प्रकृति, पर्यटन, ईतिहास, सम्पदा, उद्योग, व्यापार र समग्र सामाजिक विकासका पक्षहरुलाई उजागर गर्न नेपाली वाङ्मयसँगै स्थानीय भाषा, साहित्य, कला र संस्कृतिको उन्नयन र विकास गर्ने उद्देश्यले "साहित्यमार्फत सामाजिक सद्भाव जगेर्ना" भन्ने मूल नाराका साथ टीकापुर साहित्य महोत्सव आयोजनाका लागि टीकापुर साहित्य समाज, टीकापुर, कैलालीको पत्र संख्या २०८१।०८२ चलानी नं. २३ मिति २०८१।११।०१ को पत्रानुसार आर्थिक सहयोग माग हुन आएकोले आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी अन्य सामाजिक सहायता खर्च शिर्षकबाट रु. १,००,०००।- (अक्षेरुपी एक लाख मात्र । ) आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल :-

| सि.नं. | संस्थाको नाम ठेगाना | आर्थिक सहयोग रकम रु. | बजेट श्रोत | कैफियत |
|---|---|---|---|---|
| १. | टीकापुर साहित्य समाज, टीकापुर, कैलाली | १,००,०००।- | अन्य सामाजिक सहायता खर्च शिर्षक | टीकापुर साहित्य महोत्सव आयोजना तथा संचालन |

प्रस्ताव नं. १९ :- इलाका प्रहरी कार्यालय, टीकापुरको गाडी मर्मत गर्न आर्थिक सहयोग गर्ने सम्बन्धमा ।

निर्णय नं. १९ :- प्रस्ताव नं. १९ माथि छलफल गर्दा इलाका प्रहरी कार्यालय टीकापुरले यस गाउँपालिका लगायत आफ्ना कमान्ड एरियाभित्र शान्ति सुव्यवस्था, सुरक्षा कायम तथा विभिन्न आपराधिक गतिविधि रोकथाम तथा नियन्त्रणका लागि गस्तीमा प्रयोग गरिने सु.प.प्र.१-००१झ ४४४ नम्बरको गाडी विग्रिएकोले उक्त गाडी मर्मतका लागि इलाका प्रहरी कार्यालयको प.सं. २०८१/०८२, च.नं. ९३६, मिति २०८१।११।१५ गतेको पत्रबाट आर्थिक सहयोग माग हुन आएकोले गाडी मर्मतका लागि आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी सवारी साधन मर्मत खर्च शिर्षकबाट रु. २,००,०००।– (अक्षेरुपी दुई लाख मात्र ।) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

२०८१.०१.२९
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८२।०१।२९
गणेश चौधरी
अध्यक्ष

CamScanner

**प्रस्ताव नं. २० :- आयोजना तथा कार्यक्रम संशोधन तथा कार्यन्वयन गर्ने सम्बन्धमा ।**

निर्णय नं. २० :- प्रस्ताव नं. २० माथि छलफल गर्दा चालु तथा पुँजीगत क्षेत्र तर्फको आयोजना कार्न्वयन प्रगतिको समिक्षा र आवश्यकतालाई मध्यनजर गर्दा आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी तपसिल बमोजिम कार्यक्रम संशोधन गर्ने तथा कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपसिल :-**

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र. स. | साविकको आयोजना तथा कार्यक्रम | गाउँसभा बाट विनियोजित रकम रु. | सं. क्र. स. | संसोधित आयोजना तथा कार्यक्रम | आयोजना स्थल | संसोधित आयोजनामा विनियोजित रकम रु. | आयोजना कार्यान्वयन विधि | २ नं.का आयोजनाहरुका लागि बाँकी रकम रु. | कैफियत |
| १. | गाउँपालिकाको प्रशासकीय भवन निर्माण | ३,००,००,०००/- | १. | जानता आ.वि. अमरावतीको अधुरो घेरा पर्खाल निर्माण | जानकी-९ | १०,००,०००/- | सोझै खरिद | २,०८,२०,०००/- | |
| | | | २. | पार्वती चौधरीको घरदेखि थापापुर जोड्ने सडक कालोपत्रे | जानकी-५ | १०,००,०००/- | सोझै खरिद | | |
| | | | ३. | सुकलाल चौधरीको घरदेखि जमरा पुलसम्मको सडक कालोपत्रे | जानकी-६ | १०,००,०००/- | सोझै खरिद | | |
| | | | ४. | ओमशान्ति भवनको घेरा पर्खाल निर्माण | जानकी-१ | ५,००,०००/- | सोझै खरिद | | |
| | | | ५. | वालविद्या मन्दिरमा च्यानल गेट निर्माण | जानकी-५ | ५५,०००/- | सोझै खरिद | | |
| | | | ६. | निर्माणाधीन जादुपुर सडकमा पर्ने सिंचाई कुलामा ह्युम पाइप जडान | जानकी-८ | १,००,०००/- | सोझै खरिद | | |
| | | | ७. | निङ्लाशैनी मष्टा मन्दिरको अधुरो भवन निर्माण जानकी-२ पालकोट | जानकी-२ | ५,५०,०००/- | वोलपत्र | | रकम थप |
| | | | ८. | जानकी गा.पा. ७ जीर्ण शिव मन्दिर पुन: निर्माण | जानकी-७ | ४,५०,०००/- | बोलपत्र | | रकम थप |
| | | | ९. | दुर्गौली चोकमा circle intersection निर्माण तथा मूर्ति जडान/निर्माण | जानकी गाउँपालिका | ५,००,०००/- | सोझै खरिद | | |
| | | | १०. | दुर्गौली गोल चोकमा High Mast Lamp जडान | जानकी गाउँपालिका | ८,२५,०००/- | सोझै खरिद | | |
| | | | ११. | मेसिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | जानकी गाउँपालिका | १५,००,०००/- | कार्यालय | | |
| | | | १२. | ह्युम पाईप खरिद | जानकी गाउँपालिका | ७,००,०००/- | कार्यालय | | |
| | | | १३. | गौडी खेलकुद मैदानमा सार्वजनिक शौचालय निर्माण | जानकी-२ | १०,००,०००/- | कार्यालय | | |

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

गणेश चौधरी
अध्यक्ष

CamScanner

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | साविकको आयोजना तथा कार्यक्रम | गाउँसभा बाट बिनियोजित रकम रु. | सं.क्र.स. | संशोधित आयोजना तथा कार्यक्रम | आयोजना स्थल | संशोधित आयोजनामा विनियोजित रकम रु. | आयोजना कार्यान्वयन विधि | २ नं.का आयोजनाहरुका लागि बाँकी रकम रु. | कैफियत |
| २. | अतिरिक्त क्रियाकलाप संचालन हाजिरी जवाफ उद्घोषण कला वक्तृत्व कला | २,००,०००।- | १. | कक्षा ५ र ८ को ग्रेड बृद्धि परीक्षा संचालन | जानकी गाउँपालिका | ५,००,०००।- | कार्यालय | - | |
| ३. | कक्षा ८ को ग्रेड बृद्धी परीक्षा संचालन | १,५०,०००।- | | | | | | - | |
| ४. | नतिजामा आधारित अनुदान | १,५०,०००।- | | | | | | - | |
| ५. | विपन्न दलित/एकल महिला, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, आमा समूह, लघु उद्यमी समूहहरुलाई आय आर्जन तथा सीपमूलक तालिम तथा लागत सहभागितामा आधारित प्रविधि खरिद तथा हस्तान्तरण कार्यक्रम संचालन | ५,००,०००।- | २. | आमा समूहहरुलाई स्टिलको बाकस र त्रिपाल वितरण | जानकी गाउँपालिका | १,५०,०००।- | कार्यालय/ सोझै खरिद | ४०००००।- | साविक कार्यक्रमबाट १,००,०००।- |
| ६. | विविध खर्च | १५,००,०००।- | | | | | | ४४,५०,०००० | विविधबाट ५०००००।- |
| ७. | LISA/FRA/का.स.मू. कार्यशाला | ३,००,०००।- | ३. | क्षमता विकास तालिम (जनप्रतिनिधि) | जानकी गाउँपालिका | ३,००,०००।- | कार्यालय | - | |
| ८. | वडा सचिव रिफ्रेसर तालिम | १,५०,०००।- | ४. | जानकी गा.पा.का महिला, दलित र अल्पसंख्यक समुदायका जनप्रतिनिधिहरुलाई नेतृत्व विकास तालिम | जानकी गाउँपालिका | १,५०,०००।- | कार्यालय | - | |
| ९. | प्रकोप सम्वन्धी नमुना अभ्यास | ५०,०००।- | ५. | प्रकोप सम्वन्धी नमुना अभ्यास | जानकी गाउँपालिका | ८०,०००।- | कार्यालय | - | |
| १०. | सामुदायिक वनहरुसँग समन्वयात्मक बैठक यातायात तथा खाजा खर्च | ३०,०००।- | | | | | | - | |
| ११. | विपद्सँग सम्वन्धित ऐन कार्यविधि मापदण्ड अद्यावधिक | ३०,०००।- | ६. | विपद्सँग सम्वन्धित ऐन कार्यविधि मापदण्ड अद्यावधिक | जानकी गाउँपालिका | ६०,०००।- | कार्यालय | - | |
| १२. | विपद् सम्वन्धि सचेतनामूलक पम्पलेट, जिङ्गल प्रसारण तथा माईकिङ्ग | ६०,०००।- | | | | | | ३०,००० | |

२०८१.०९.२९

आशिष चौधरी

प्रमुख प्रशासकीय अधिकृत

गणेश चौधरी

अध्यक्ष

२०८१/०९/२९

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र. स. | साविकको आयोजना तथा कार्यक्रम | गाउँसभा बाट विनियोजित रकम रु. | सं. क्र. स. | संसोधित आयोजना तथा कार्यक्रम | आयोजना स्थल | संसोधित आयोजनामा विनियोजित रकम रु. | आयोजना कार्यान्वयन विधि | २ नं.का आयोजनाहरुका लागि बाँकी रकम रु. | कैफियत |
| १३. | सामुदायिक विद्यालयमा सरसफाई क्लब गठन तथा संचालन | २०,०००।- | ७. | सामुदायिक विद्यालयमा सरसफाई क्लब गठन तथा संचालन | जानकी गाउँपालिका | ५०,०००।- | कार्यालय | - | सि.नं. ११ को आयोजनाको बाँकी ३०००० थप |
| १४. | टोल विकासका लागि वृद्धघरहरुसँग अन्तर्क्रिया कार्यक्रम | १,००,०००।- | ८. | रेबिज रोग नियन्त्रण कार्यक्रम | जानकी गाउँपालिका | १,००,०००।- | कार्यालय | - | |
| १५. | राजस्व सुधार तथा उपभोक्ता हित संरक्षणका लागि गाउँपालिका अन्तर्गतका बजार अनुगमन | ५०,०००।- | ९. | धान दिवस कार्यक्रम | जानकी गाउँपालिका | ५०,०००।- | कार्यालय | - | |

**प्रस्ताव नं. २१ :- वडास्तरीय आयोजना तथा कार्यक्रम संशोधन तथा कार्यान्वयन गर्ने सम्बन्धमा ।**

**निर्णय नं. २१ :-** प्रस्ताव नं. २१ माथि छलफल गर्दा चालु तथा पुँजीगत क्षेत्र तर्फको वडास्तरीय आयोजना कार्यान्वयनको प्रगतिको समिक्षा र आवश्यकतालाई मध्यनजर गर्दा आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी तपसिल बमोजिम कार्यक्रम संशोधन गर्ने तथा कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल :-

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|
| सा. क्र. स. | साविकको आयोजना तथा कार्यक्रम | गाउँसभा बाट विनियोजित रकम रु. | सं. क्र. स. | संसोधित आयोजना तथा कार्यक्रम | आयोजना स्थल | संसोधित आयोजनामा विनियोजित रकम रु. | आयोजना कार्यान्वयन विधि | २ नं.का आयोजनाहरुका लागि बाँकी रकम रु. | कैफियत |
| १. | मुनुवा चन्द्र लाल कठरियाको घरदेखि हर्कदेव भण्डारीको घरसम्म सडक ग्राभेल | २,५०,०००।- | १. | बद्री रावतको घरदेखि एन.सि.एल. टावर चोकसम्म कालोपत्रे | जानकी-४ | ८,६५,०००।- | सोझै खरिद | - | |
| २. | ढल निकासको लागि ह्युम पाईप जडान | ३,२०,०००।- | | | | | | - | |
| ३. | जानकी-४ को गिरधरपुरमा आर्यघाट निर्माण | २,९५,०००।- | | | | | | - | |
| ४. | कञ्चनपुर राधाकृष्ण मन्दिर डाँडा टोलमा माटो पटानी | ९५,०००।- | २. | कञ्चनपुर रोशनी ग्रामीण विद्युत सहकारी संस्थाको भवनमा विजुली जडान | जानकी-४ | ९५,०००।- | उपभोक्ता समिति | - | |
| ५. | सार्वजनिक सुनुवाई | ३०,०००।- | ३. | चिराकी/चौकीदारहरुलाई ह्याण्डमाईक वितरण | जानकी-४ | ३०,०००।- | कार्यालय | - | |

२०८१।०९।११
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

गणेश चौधरी
अध्यक्ष
२०८१।०९।११

जानकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|
| सा. क्र. स. | साविकको आयोजना तथा कार्यक्रम | गाउँसभा बाट विनियोजित रकम रु. | सं. क्र. स. | संसोधित आयोजना तथा कार्यक्रम | आयोजना स्थल | संसोधित आयोजनामा विनियोजित रकम रु. | आयोजना कार्यान्वयन विधि | २ नं.का आयोजना हरुका लागि बाँकी रकम रु. | कैफियत |
| ६. | जवलपुर सुन्दरपुरको पुर्वपट्टी सार्वजनिक जग्गामा काँडेतारबार | ५०,०००।- | ४. | माटो पटानी | जानकी-८ | ५०,०००।- | कार्यालय | - | |
| ७. | बन्देवीपुर धर्मापुर कुलामा जाने झरनमा पप्पु खड्काको घर नजिक र बन्देवीपुर मैपति वि.क.को घर नजिक(२ वटा) पक्की डुड निर्माण | २,२५,०००।- | ५. | जानकी-८ भगरैयाको गाउँ घर क्लिनिकको क्षेत्र घेरबार | जानकी-८ | २,२५,०००।- | सोझै खरिद | - | |
| ८. | धर्मापुर कटानमा मरुवा निर्माण | २,५०,०००।- | ६. | बालमैत्री शाखा र स्तनपान कक्ष निर्माण तथा व्यवस्थापन | जानकी-६ | २,५०,०००।- | सोझै खरिद | - | |

२०८१.०९.२९
आशिज चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८१।०९।२९
गणेश चौधरी
अध्यक्ष

CamScanner

प्रस्ताव नं. २२ :- वडास्तरीय आयोजना तथा कार्यक्रम संशोधन तथा कार्यान्वयन गर्ने सम्बन्धमा ।

निर्णय नं. २२ :- प्रस्ताव नं. २२ माथि छलफल गर्दा चालु तथा पुँजीगत क्षेत्र तर्फको वडास्तरीय आयोजना कार्यान्वयनको प्रगतिको समिक्षा र आवश्यकतालाई मध्यनजर गर्दा आगामी गाउँसभाबाट अनुमोदन तथा समर्थन हुने गरी तपसिल बमोजिम कार्यक्रम संशोधन गर्ने तथा कार्यान्वयन गर्ने निर्णय गरियो ।

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | साविकको आयोजना तथा कार्यक्रम | गाउँ सभा बाट विनियोजित रकम रु. | खर्च रकम रु. | बाँकी रकम रु. | सं.क्र.स. | संसोधित आयोजना तथा कार्यक्रम | आयोजना स्थल | संसोधित आयोजनामा विनियोजित रकम रु. | आयोजना कार्यान्वयन विधि | २ नं.का आयोजनाहरु का लागि बाँकी रकम रु. | कैफियत |
| १. | सिलाई कटाई तालिम (दोस्रो लेभल) | १,४०,०००/- | १,३८,०००/- | २,०००/- | १. | पूर्ण खोप सुनिश्चितता तथा दिगोपना वडा घोषणा कार्यक्रम | जानकी-३ | ५,०००/- (२०००+ ३०००) | कार्यालय | - | |
| २. | आधारभूत स्वास्थ्य केन्द्र लायकपुरको विभिन्न बैठकका लागि खर्च व्यवस्थापन | २५,०००/- | १९,४००/- | ५,६००/- | | | | | | ५,६००/- | |
| ३. | भगतपुर पथरपुरुवा टोलको बाटो सिमाङ्कन | १,७५,०००/- | - | १,७५,०००/- | २. | भगतपुर पथरपुरुवा टोलको बाटो सिमाङ्कन | जानकी-३ | ३,८०,०००/- | | - | |
| ४. | वडा नं. ३ का विभिन्न सडकहरु मर्मत गर्न Backhoe Loader का लागि ईन्धन व्यवस्थापन | १,८२,४६१/- | - | १,८२,४६१/- | | | | | | ४७,४६१/- | |

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

२०८२/०१/२९
गणेश चौधरी
अध्यक्ष

गाउँपालिका
...गाउँपालिकाको कार्यालय
...जानकी, बाँके
...प्रदेश, नेपाल

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | साविकको आयोजना तथा कार्यक्रम | गाउँ सभा बाट विनियोजित रकम रु. | खर्च रकम रु. | बाँकी रकम रु. | सं.क्र.स. | संसोधित आयोजना तथा कार्यक्रम | आयोजना स्थल | संसोधित आयोजना मा विनियोजित रकम रु. | आयोजना कार्यान्वयन विधि | २ नं.का आयोजनाहरु का लागि बाँकी रकम रु. | कैफियत |
| ५. | जानकी गा.पा. १ नं. वडाका नाला/सडक मर्मत तथा सरसफाई गर्न डिजेल खर्च | १,००,०००।- | - | १,००,०००।- | ३. | जानकी गाउँपालिका वडा नं. १ का विभिन्न सडकहरु मर्मत | जानकी-१ | २,५०,५३७।१४ | सोझै खरिद | - | |
| ६. | धर्मापुर रगरगंज धनिराम डगौरा थारुको घर नजिक नालामा कल्भर्ट निर्माण | ३,००,०००।- | २,६७,८८५।१८ | ३२,११४।८२ | | | | | | - | |
| ७. | दुर्गौली महेन्द्र बमको घरदेखि टीकापुर सडक खण्ड जोड्ने बाटो कालोपत्रे | १०,००,०००।- | ९,५०,०००।- | ५०,०००।- | | | | | | - | |
| ८. | नवलपुर चौतारादेखि गुजेरुवासम्म सडक स्तरोन्नती | ३,००,०००।- | २,७५,१५३।४२ | २४,८४६।५८ | | | | | | - | |
| ९. | बेलासपुर अधुरो खोप क्लिनिक निर्माण | ५,००,०००।- | ४,७६,३२२।५२ | २३,६७७।४८ | | | | | | - | |
| १०. | तोरैयापुर शिव मन्दिरमा रेलिङ्ग तथा ट्रस्ट निर्माण | ४,००,०००।- | ३,८०,१०१।७१ | १९,८९८।२९ | | | | | | - | |

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

गणेश चौधरी
अध्यक्ष

**प्रस्ताव नं. २३ :- दुर्गौली गाउँ समाजको भवनमा शौचालय निर्माण गर्ने सम्बन्धमा ।**

निर्णय नं. २३ :- प्रस्ताव नं. २३ माथि छलफल गर्दा जानकी गाउँपालिका वडा नं. १ दुर्गौली स्थित रहेको दुर्गौली गाउँ समाजको भवनमा शौचालय नरहेकोले गाउँ समाज तथा यस कार्यालयका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न कठिनाई हुने गरेकोले उक्त गाउँ समाजको भवनमा तपसिल बमोजिम रकम व्यवस्थापन गरी सार्वजनिक शौचालय निर्माण गर्ने निर्णय गरियो ।

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | साविकको आयोजना तथा कार्यक्रम | गाउँसभा बाट विनियोजित रकम रु. | सं. क्र. स. | संसोधित आयोजना तथा कार्यक्रम | आयोजना स्थल | संसोधित आयोजनामा विनियोजित रकम रु. | आयोजना कार्यान्वयन विधि | २ नं.का आयोजनाहरुका लागि बाँकी रकम रु. | कैफियत |
| १. | गाउँपालिकाको प्रशासकीय भवन निर्माण | ३,००,००,०००।- | १. | दुर्गौली गाउँ समाजको भवनमा शौचालय निर्माण | जानकी-१ | १,५०,०००।- | सोझै खरिद | २,०६,७०,०००।- | |

२०८१।०९।२१

**आशिष चौधरी**
प्रमुख प्रशासकीय अधिकृत

२०८१।०९।२१

**गणेश चौधरी**
अध्यक्ष